**17 August 2024**

**आकाशवाणी**

**मुख्य समाचार**

- **ग्लोबल साउथका सबै देशहरूसँग आफ्नो अनुभव र क्षमताहरू साझा गर्न भारत प्रतिबद्ध रहेको प्रधानमन्त्रीको आश्वासन**
- **कर्नाटकका राज्यपालले मुख्यमन्त्री विरुद्ध साइट आवन्टन घोटालामा मुद्दा चलाउन दिनुभयो अनुमति**
- **आन्दोलनरत चिकित्सकहरूलाई उनीहरूको सुरक्षा सुनिश्चित गर्न हर सम्भव प्रयास गर्ने स्वास्थ्य मन्त्रालयको आश्वासन**
- **मङ्कीपक्सको रोकथामका लागि सरकार सतर्क**
- **पेरिस पाराओलम्पिकको उद्घाटन समारोहमा सुमित र भाग्यश्री भारतीय टीमका ध्वजवाहक**

**PM Global South**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले ग्लोबल साउथका देशहरूलाई एकताबद्ध भएर एकअर्काको शक्ति बन्न आह्वान गर्नुभएको छ। आज तेस्रो भ्वाइस अफ द ग्लोबल साउथ भर्चुअल सम्मेलनको उद्घाटन मन्तव्यमा प्रधानमन्त्रीले वर्तमान विश्वको अनिश्चित र चुनौतीपूर्ण वातावरणप्रति चिन्ता व्यक्त गर्नुभयो।

उहाँले कोभिडको प्रभावबाट विश्व अझै पूर्णरुपमा बाहिर नआएको र विभिन्न क्षेत्रमा भइरहेको द्वन्द्वले ग्लोबल साउथ देशहरूको विकास यात्रामा ठूलो चुनौती खडा भएको बताउनु भयो। श्री मोदीले यी देशहरूले जलवायु परिवर्तनसँगै स्वास्थ्य सुरक्षा, खाद्य सुरक्षा र ऊर्जा सुरक्षाको चिन्ताको सामना गरिरहेको बताउनु भयो।

भारत ग्लोबल साउथका सबै देशहरूसँग आफ्नो अनुभव र क्षमताहरू साझा गर्न प्रतिबद्ध रहेको प्रधानमन्त्रीले आश्वासन दिनुभयो।

शिखर सम्मेलनमा ग्लोबल साउथका देशहरूले विकासका चुनौती, प्राथमिकता र समाधानका विषयमा छलफल जारी राख्नेछन्। यस शिखर सम्मेलनको विषय– दिगो भविष्यका लागि बलियो ग्लोबल साउथ रहेको छ।

**विदेशमन्त्री ग्लोबल साउथ**

विदेशमन्त्री डा. एस. जयशंकरले ग्लोबल साउथका देशहरूलाई कम लागत र महत्वपूर्ण प्रविधिहरू सहज बनाउन परिवारको रूपमा मिलेर काम गर्न आग्रह गर्नुभएको छ। आज तेस्रो भ्वाइस अफ द ग्लोबल साउथ सम्मेलनमा विदेशमन्त्रीहरुको पहिलो सत्रमा बोल्दै डा जयशंकरले ग्लोबल साउथका देशहरु धेरै द्वन्द्व, तनाउ र दबाउबाट प्रभावित भएको बताउनु भयो। यस प्रक्रियाबाट हाम्रो हितलाई परिभाषित गर्नु यस विचार आदानप्रदानको उद्देश्य रहेको उहाँले बताउनु भयो।

**इराक-ग्लोबल साउथ**

इराकले भ्वाइस अफ ग्लोबल साउथ समिट आयोजना गरेकोमा भारत सरकारको प्रशंसा गरेको छ। इराकका उपप्रधानमन्त्री श्री फुआद हुसेनले आजको बैठकमा भाग लिनु हुँदै इराक ग्लोबल साउथको अभिन्न अंग रहेको र सबैका लागि दिगो र समृद्ध भविष्यका लागि साझा दृष्टिकोणप्रति प्रतिबद्ध रहेको बताउनु भयो। श्री हुसेनले जलवायु परिवर्तन, ऊर्जा सुरक्षा र दिगो विकास जस्ता महत्वपूर्ण मुद्दाहरूलाई सम्बोधन गर्न विकसित देशहरूसँग सामूहिक कार्यको महत्त्वबारे प्रकाश पार्नुभयो।

**कर्नाटक राज्यपाल**

कर्नाटकका राज्यपाल श्री थावरचन्द गहलोतले आज मुख्यमन्त्री श्री सिद्धरामैयाविरुद्ध मैसूर शहरी विकास प्राधिकरण MUDA साइट आवन्टन घोटालामा मुद्दा चलाउन अनुमति दिनु भयो। यो स्वीकृति टीजे अब्राहम, प्रदीप र स्नेहमाई कृष्णको निवेदनको सम्बन्धमा दिइएको हो। याचिकाहरूमा भनिएको छ, श्री सिद्धरामैयाले आफ्नो शक्तिको दुरुपयोग गरेर मैसूर शहरी विकास प्राधिकरणको जग्गा आफ्ना नजिकका नातेदार र परिवारलाई दिनु भएको थियो। श्री सिद्धरामैया विरुद्ध उहाँले 2013 को चुनाउ हलफनामामा यी सम्पत्तिहरूको विवरण नदिएको आरोप पनि छ।

**भाजपा बैठक**

भारतीय जनता पार्टीका राष्ट्रिय समितिका पदाधिकारीहरुको बैठक आज नयाँ दिल्लीमा बस्यो। बैठकको अध्यक्षता पार्टी अध्यक्ष श्री जगतप्रकाश नड्डाले गर्नुभएको थियो। बैठकमा भाजपाको सदस्यता अभियान, संगठन निर्वाचन र आगामी विधानसभा चुनाउको तयारीका विषयमा छलफल भएको थियो। यस बैठकमा पार्टीका राष्ट्रिय सदस्य, राज्य प्रभारी र सह-प्रभारी, प्रदेश भाजपा अध्यक्ष र प्रदेश भाजपा संगठनका महासचिवको सहभागिता रहेको थियो। लोकसभा चुनाउपछि भाजपा सदस्यहरूको यो पहिलो ठूलो बैठक थियो।

**डाक्टर बन्द**

केन्द्रीय स्वास्थ्य मन्त्रालयले आन्दोलनरत चिकित्सकहरूलाई उनीहरूको सुरक्षा सुनिश्चित गर्न हर सम्भव प्रयास गर्ने आश्वासन दिएको छ अनि बृहत्तर सार्वजनिक हितलाई ध्यानमा राखेर काममा फर्कन आग्रह गरेको छ। मन्त्रालयले भनेको छ, स्वास्थ्य व्यवसायीहरूको सुरक्षा सुनिश्चित गर्ने उपायहरू सुझाउ गर्न समिति गठन गरिनेछ र राज्य सरकारहरूसहित सबै सरोकारवालाका प्रतिनिधिहरूलाई उनीहरूको सुझाउ साझा गर्न आमन्त्रित गरिनेछ। यसैबीच, कोलकाताको आरजी सरकारी अस्पतालमा एकजना महिला डाक्टरको बलात्कार र हत्याको विरोधमा इन्डियन मेडिकल एसोसिएसन I.M.A ले आज २४ घण्टे देशव्यापी बन्दको आह्वान गरेको छ। I.M.A -ले बिहान ६ बजेदेखि ओपीडी र अन्य सामान्य सेवा बन्द गर्न अपील गरेको थियो। संघले यस विषयमा न्याय र स्वास्थ्यकर्मीको सुरक्षाका लागि केन्द्रीय कानुन बनाउन माग गरेको छ। संगठनको अपिललाई हेरेर निजी क्षेत्रका स्वास्थ्यकर्मी पनि हडतालमा सहभागी भएका छन्।

हडतालका कारण बिहारका स्वास्थ्य संस्थाहरू गम्भीर रूपमा प्रभावित भएका छन्। राज्य मेडिकल कलेजका जुनियर र रेसिडेन्स डाक्टरहरू कार्यस्थलमा चिकित्सकहरूको सुरक्षाको माग गर्दै हडतालमा छन्। पटना मेडिकल कलेज तथा अस्पताल, नालन्दा मेडिकल कलेज तथा अस्पताल र इन्दिरा गान्धी चिकित्सा विज्ञान प्रतिष्ठान, पटनामा आकस्मिक र ओपीडी सुविधा बन्द हुँदा बिरामीलाई समस्या परेको छ।

यसैबीच, केन्द्रीय स्वास्थ्य मन्त्रालयले डाक्टरहरू विरुद्ध हिंसाको मामिलामा छ घण्टा भित्रमा एफआईआर दर्ता गर्न निर्देशन दिएको छ र यसको जिम्मेवारी संस्थानले लिनुपर्नेछ।

राष्ट्रिय राजधानी दिल्लीमा पनि रेसिडेन्स डाक्टर र मेडिकल विद्यार्थीहरूले प्रदर्शन जारी राखेका छन्। राम मनोहर लोहिया अस्पताल र लेडी हारडिङ मेडिकल कलेज अस्पतालका डाक्टरहरूले विरोध प्रदर्शन गरिरहेका छन्। अखिल भारतीय आयुर्विज्ञान संस्थान, दिल्लीका संकाय सदस्यहरू पनि हडतालमा सामेल भएका छन्।

इन्डियन मेडिकल एसोसिएसनले २४ घण्टाको हडतालको आह्वानलाई ध्यानमा राख्दै मुम्बईको सायन, नायर र कूपर अस्पतालका रेसिडेन्स डाक्टरहरूको युनियन, बीएमसी मार्डले आज आजाद मैदानमा विरोध प्रदर्शन गरेको छ।

## स्वास्थ्य - मङ्कीपक्स

स्वास्थ्य मन्त्रालयले हालसम्म देशमा **मङ्कीपक्स**को बिरामी नभेटिएको जनाएको छ । विश्व स्वास्थ्य संगठनले **मङ्कीपक्स**लाई अन्तर्राष्ट्रिय स्वास्थ्य आपतकाल घोषणा गरेपछि स्वास्थ्यमन्त्री श्री जगतप्रकाश नड्डाले आज नयाँ दिल्लीमा भएको बैठकमा **मङ्कीपक्स**को अवस्था र तयारीको समीक्षा गर्नुभयो। यस अवधिमा रोगको फैलावटलाई नियन्त्रण गर्न सावधानी अपनाउने निर्णय गरियो। यसमा सबै एयरपोर्ट, बन्दरगाह र ग्राउन्ड क्रसिङहरूमा स्वास्थ्य एकाइहरूलाई संवेदनशील बनाउने, परीक्षण प्रयोगशालाहरू तयार गर्ने र बिरामी भेटिएमा व्यवस्थापन गर्न स्वास्थ्य सुविधाहरू तयार राख्ने निर्णय भएका छन्। यस सन्दर्भमा स्वास्थ्य सेवाका महानिर्देशकको अध्यक्षतामा विज्ञहरुको संयुक्त अनुगमन समूहको बैठक हिजो बसेको मन्त्रालयले जनाएको छ ।

## पारा ओलम्पिक खेल

पेरिस पाराओलम्पिकको उद्घाटन समारोहमा टोकियो पाराओलम्पिकका स्वर्ण पदक विजेता सुमित अन्तिल र सटपुट स्टार भाग्यश्री जाधव भारतीय टीमका ध्वजवाहक हुनेछन्। पाराओलम्पिक खेल 28 अगस्तदेखि 8 सितम्बरसम्म हुनेछ। यी खेलमा ८४ जना खेलाडीले भारतको प्रतिनिधित्व गर्नेछन् । पाराओलम्पिक खेलहरूमा यो देशको अहिलेसम्मको सबैभन्दा ठूलो टीम हो। टोकियो पाराओलम्पिकमा कुल ५४ खेलाडीले देशको प्रतिनिधित्व गरेका थिए।

## समाचार समय परिवर्तन

आकाशवाणीको प्रति घण्टा समाचार बुलेटिन प्रसारणको तालिकामा संशोधित गरिएको छ। नयाँ तालिका 18 अगस्त मध्यीरात्रि 12 बजीदेखि प्रभावी हुनेछ। यस परिवर्तन पछि 5 मिनटको हिन्दी समाचार बुलेटिनको प्रसारण पहिला हुनेछ अनि त्यसपछि मात्र 5 मिनेटको अंग्रेजी समाचार बुलेटिन प्रसारित हुनेछ।